आज मिति २०७८ साल जेष्ठ ३१ गते सोमबारका दिन जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री पिताम्बर घिमिरेज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः-</u>

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री पिताम्बर घिमिरे, | जिल्ला प्रशासन कार्यालय, पर्सा। |
| समन्वय प्रमुख श्री नेक महमद अन्सारी, | जिल्ला समन्वय समिति, पर्सा। |
| प्रमुख श्री विजय कुमार सरावगी , | वीरगंज महानगरपालिका, पर्सा। |
| प्रमुख श्री दिपनारायण प्रसाद रौनियार, | पोखरिया नगरपालिका, पर्सा । |
| प्रमुख श्री नितेन्द्र प्रसाद साह तेली, | बहुदरमाई नगरपालिका, पर्सा। |
| प्रमुख श्री लोक नारायण यादव, | पर्सागढी नगरपालिका, पर्सा। |
| प्रमुख श्री जालिम मियाँ मंसुरी, | जगरनाथपुर गाउँपालिका, पर्सा । |
| प्रमुख श्री प्रदिप कुमार जैसवाल, | सखुवा प्रसौनी गाउँपालिका, पर्सा। |
| प्रमुख श्री सुरेश प्रसाद कुर्मी, | धोबीनी गाउँपालिका, पर्सा। |
| प्रमुख श्री विजय कुमार चौरसिया, | पकाहा मैनपुर गाउँपालिका, पर्सा। |
| प्रमुख श्री मनोज कुमार गुप्ता, | छिपहरमाई गाउँपालिका, पर्सा। |
| प्रमुख श्री श्रीलाल साह कानु, | बिन्दवासिनी गाउँपालिका, पर्सा। |
| प्रमुख श्री रामपृत महतो, | जिराभवानी गाउँपालिका, पर्सा। |
| प्रमुख श्री हरिनारायण चौधरी, | पटेर्वा सुगौली गाउँपालिका, पर्सा। |
| प्रमुख श्री पदमलाल श्रेष्ठ, | ठोरी गाउँपालिका, पर्सा। |
| उप-प्रमुख श्री राजेश कुमार चौरसिया, | कालिकामाई गाउँपालिका, पर्सा। |
| अध्यक्ष श्री प्रभु हजरा, | नेकपा, पर्सा। |
| सभापती श्री अजय कुमार द्विवेदी, | नेपाली कांग्रेस, पर्सा। |
| अध्यक्ष श्री विजय महतो, | नेकपा माओवादी केन्द्र । |

अध्यक्ष श्री राम नरेश यादव, संघीय समाजवादी पार्टी, पर्सा।

प्रमुख सेनानी श्री मदनजंग राणा, चण्डी प्रसाद गण, पर्सा।

प्रहरी उपरीक्षक श्री बेल बहादुर पाण्डे, जिल्ला प्रहरी कार्यालय, पर्सा।

स.प्र.उपरीक्षक श्री राजेन्द्र खड्का, सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हे.क्वा, पर्सा।

उप-अनु. निर्देशक श्री टिका प्रसाद पोखरेल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पर्सा।

इकाई प्रमुख श्री दक्ष बहादुर श्रेष्ठ, शिक्षा विकास तथा समन्वय इकाई, पर्सा।

जि.स.अ.श्री छविरमण भट्टराई, जिल्ला समन्वय अधिकारी, पर्सा ।

सभापति श्री विरेन्दराज कडेल, नेपाल रेडक्रस सोसाइटी, पर्सा।

अध्यक्ष श्री सुबोध गुप्ता, बीरगंज उद्योग वाणिज्य संघ, पर्सा।

अध्यक्ष श्री अनुप तिवारी, नेपाल पत्रकार महासंघ, पर्सा।

प्रतिनिधि श्री छठु साह, गैरसरकारी महासंघ, पर्सा।

मे.सु.श्री डा. बिरेन्द्र बहादुर प्रधान, नारायणी अस्पताल, पर्सा।
डॉ नारायन सिंह

~~नि.प्रमुख श्री नवल किशोर साह,~~ स्वास्थ्य कार्यालय, पर्सा।
प०नि०सु.प्र., श्री पशुपति कुमार यादव

प्रमुख श्री ~~जगन्नाथ प्रसाद जयसवाल~~, डिभिजन वन कार्यालय, पर्सा।
फरमान मिया

का.प्र. श्री खडगलाल श्रेष्ठ डिभिजन सडक कार्यालय ।
(इ. गिरीश नन्दन पोटल) डिभिजन सडक कार्यालय

प्रमुख श्री अरबिन्द मिश्रा, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पर्सा।

प्रमुख श्री प्रदिप कुमार सिंह, सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा।

का.प्र. श्री शम्भु कुसियैत यादव, नेपाल विद्युत प्रधिकरण, पर्सा

का.प्र. श्री मोहम्मद अनवर हुसेन नेपाल टेलिकम, पर्सा

का.प्र. श्री विकाश कटुवाल, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि., पर्सा ।

का.प्र. श्री मुनीलाल प्रसाद, कृषि ज्ञान केन्द्र, पर्सा ।

का.प्र. श्री सहत राम मौर्य, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सा।

स.प्र.जि.अ. श्री भिमकान्त पौडेल- सदस्य सचिव, जिल्ला प्रशासन कार्यालय, पर्सा

आमन्त्रितः-

1) राजेन्द्र प्रसाद भट्ट - नेपाल टेलिकम पर्सा - [signature]
2) सन्देश कुमार यादव (प्र.प्र.अ.) सखुवा प्रसौनी गा.पा. ,, [signature]
3) जयचन्द्र साह (प्र.प्र.अ.) कालिकामाई गा.पा. ,, [signature]
4) सुनिल कुमार कर्ण - वीरगंज महानगरपालिका [signature]
उमेश मिश्र (का.अ.) ने.रे.सो. पर्सा [signature]

5.) इब्राहिम देवान - सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्सा - [signature]
६. अशोक कोइराला (प्र.प्र.अ.) पोखरिया नगरपालिका [signature]
७. रमेश दुबेदी (प्र.प्र.अ.), पकहाँ मैनपुर गाउँपालिका [signature]
८. पार्वती पौडेल म.वि.अधिकृत बहुदरमाई न.पा. [signature]
९. प्राण मेहता (प्र.प्र.अ.) जिरभवानी गा.पा. [signature]

निर्णय नं १

यस आर्थिक वर्षमा जिल्ला पर्सा बीरगंज म.न.पा-२० निवासी प्रदिप कुमार चौरसियाको जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा.मा पहिरोले पुरिएर मृत्यू भएकोमा निजको हकवालालाई प्रदान गरिएको राहत रकम रु. १००,०००।—(एक लाख) र यस जिल्लामा आगलगि पिडित ४८ जनालाई जनही रु.५,०००।— (पाँच हजार) को दरले वितरण गरिएको तत्काल राहत रकम रु. २,४०,०००।— (दुईलाख चालिस हजार) गरी जिल्ला विपद् व्यवस्थापन कोषबाट भएको जम्मा खर्च रु. ३,४०,०००।— (तीन लाख चालिस हजार) को खर्च समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं २

पर्सा जिल्लाका विभिन्न स्थानमा यस वर्षको मनसुनबाट आउन सक्ने विपदको अवस्था एवं विपदबाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न विगतका बैठकमा भएका निर्णयहरुको समिक्षा र आगामी दिनमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा सम्बद्ध निकायहरुको तयारी अवस्थाको प्रस्तुती एवं आगामी दिनमा गर्ने कार्यहरुको बारेमा छलफल भयो ।

निर्णय नं. ३

गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा (राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र) को मिति २०७८/०२/२८ च.नं. १८९ पत्र बैठकमा प्रस्तुती भई पत्रमा उल्लेख भए बमोजिम नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णयानुसार प्राप्त निर्देशन सम्बन्धित सबैले आ-आफ्नो क्षेत्रबाट तदारुकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

चालु आ.ब. ०७७-७८ का लागि तयार गरिएको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।सबै निकायले यस वर्ष मनसुन जन्य विपद् (डुबान, बाढी) जस्ता विपद्मा खोज तथा उद्दार र राहत लगायतका कार्यहरु यसै योजना बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं. ५

सबै स्थानीयतहहरुले यसै बमोजिम आ-आफ्नो स्थानीय तहको स्थानीय मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना-२०७८ तुरुन्त तयारी गरी सोही बमोजिम कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं. ६

मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाले किटानी गरे बमोजिम सबै सुरक्षा निकाय लगायत सम्बद्ध निकायहरुले आ-आफ्नो जिम्मेवारी क्षेत्रको कार्य गर्ने गरी जनशक्ति, उपकरण एवं स्रोत साधनको यथोचित व्यवस्था गरी तम्तयारी अवस्थामा रहने ।

निर्णय नं. ७

उच्च जोखिममा रहेका बस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहजिकरण गर्ने ।

निर्णय नं. ८

अत्यावश्यक सामग्री (जस्तै-खानेकुरा, कपडा, औषधि, पानी) हरुको आवश्यक भण्डारण गर्ने ।

निर्णय नं. ९

कोभिड महामारी र मनसुनजन्य विपद् प्रतिकार्यको लागि विभिन्न विषयगत क्षेत्र (Clusters) सक्रिय रही आ-आफ्नो विषयगत क्षेत्रहरुलाई समेत परिचालन गरी मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा जुट्ने ।

निर्णय नं. ११

कोभिड-१९ का सुरक्षात्मक उपायहरु समेत अबलम्बन गरी खोज तथा उद्दार कार्य प्रभावकारी रुपमा गर्ने गराउने ।

निर्णय नं. १२

यस जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना -२०७८ को मस्यौदा तयार गरी पेश गर्ने जिम्मेवारी नेपाल रेडक्रस सोसाइटी पर्सा शाखालाई दिने ।